# लगानीकर्ता अवकास कोष सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावना:** बिभिन्न संगठित संस्थामा कार्यरत कर्मचारी तथा कामदारको अवकास पछिको सुविधा तथा दायित्व बापतको रकम सङ्कलन गरी लगानी प्रबन्ध गर्न र सेवा निवृत्तपछि कर्मचारीले पाउने अवकाश कोष रकमको सुनिश्चितता प्रदान गर्न,

नागरिक लगानी कोष ऐन, २०४७ को दफा ६० ले दिएको अधिकार प्रयोग गरी कोषको सञ्चालक समितिले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "लगानीकर्ता अवकास कोष योजना सञ्चालन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि सञ्चालक समितिले निर्णय गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) **"ऐन"** भन्नाले नागरिक लगानी कोष ऐन, २०४७ सम्झनु पर्छ।

(ख) **"कर्मचारी"** भन्नाले संगठित संस्थामा उपदान तथ पेन्सन पाउने गरी नियुक्त भएको कर्मचारी वा कामदार सम्झनुपर्छ र सो सब्दले कोषको कर्मचारी समेतलाई जनाउँछ ।

(ग) **"कोष"** भन्नाले नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापित नागरिक लगानी कोष सम्झनु पर्छ।

(घ) **"जगेडा कोष"** भन्नाले साधारण जगेडा कोष, जोखिम जगेडा कोष र लाभांश समीकरण जगेडा कोष सम्झनुपर्छ।

(ङ) **"प्रतिफल"** भन्नाले योजनामा सहभागी संगठित संस्थाले योजना अन्तर्गत जम्मा गरेको रकममा प्रदान गरिने ब्याज, मुनाफा वा लाभांश सम्झनु पर्छ।

(च) **"लगानीकर्ता अवकाश कोष "**भन्नाले यस योजनामा जम्मा हुने औसधि उपचार खर्च, कल्याणकारी कोष, बीमा कोष, हित कोष, वार्षिकोत्सव बापतको कोष, संचित बिदा बापतको कोष, लगायत यस्तै प्रकृतिका अन्य कोषहरू समेत सम्झनु पर्छ ।

(छ) **"योजना"** भन्नाले यस कार्यविधि बमोजिम कोषले संचालन गरेको लगानीकर्ता अवकास योजना सम्झनु पर्छ।

(ज) **"योजना कोष"** भन्नाले सहभागीले जम्मा गरेको रकम, त्यसबाट प्राप्त कूल आय र कुनै पूँजीगत अभिबृद्धि भएको भए सो समेत सम्झनु पर्छ।

(झ) **"योगदानमा आधारित"** भन्नाले संगठित संस्थामा कार्यरत कर्मचारीहरुको तलबबाट केही कट्टा गरी सो रकममा संगठित संस्थाले थप गरी पठाएको रकम सम्झनु पर्दछ ।

(ञ) **"विनियमावली"** भन्नाले नागरिक लगानी कोष (व्यवस्थापन) विनियमावली, २०४८ सम्झनु पर्छ।

(ट) **"सहभागी संथा"** भन्नाले योजनामा सहभागी भई लगानीकर्ता अवकास कोष योजना रकम जम्मा गर्ने संस्था सम्झनु पर्छ।

(ठ) **"समिति"** भन्नाले नागरिक लगानी कोष ऐन २०४७ को दफा २५ बमोजिम गठित संचालक समिति सम्झनु पर्छ।

३. **<u>योजनाको सञ्चालन</u>**ः (१) कोषले आयकर ऐन, २०५८ को दफा ६३ ले गरेको व्यवस्था बमोजिम लगानीकर्ता अवकास योजनाको नामबाट एक योजना सञ्चालन गर्नेछ ।

(२) ऐन, नियमावली तथा यस कार्यविधिको अधीनमा रही योजनाको सञ्चालन हुनेछ।

(३) योजनाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषको सञ्चालन गर्दा नागरिक लगानी कोषले न्यासधारी (Trustee)को हैसियतले सेवाहरु उपलब्ध गराउनेछ।

४. **<u>योजनामा सहभागी हुनसक्ने:</u>** (१) यस कार्यविधि बमोजिम सञ्चालित योजनमा प्रचलित कानून बमोजिम स्थापित कुनै पनि संगठित संस्था तथा त्यस्ता संस्थाका कर्मचारी सहभागी हुन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम सहभागी संगठित संस्थाले योजनामा संस्थाको नियम वा विनियम बमोजिम कर्मचारी वा कामदारलाई संगठित संस्थाले प्रदान गर्ने अवकास बापतको रकम नियमित रुपमा जम्मा गर्नुपर्नेछ ।

(३) कोषले उपदफा (२) बमोजिम कर्मचारी तथा कामदारले गरेको लगानीको आधारमा जम्मा भएको रकम र सो रकमको प्रतिफल समेतको रकमबाट संगठित संस्थाको सेवाबाट निवृत्त कर्मचारी तथा कामदारलाई निजको अवकासपछि एकमुष्ट रकम भुक्तानी दिनेछ।

(४) यस योजनामा सहभागी संगठित संस्थाको तर्फबाट सुविधा प्राप्त गर्ने कर्मचारीहरुको विवरणमा रकम खुलाई छुट्टै हिसाव राखी दिन लेखी पठाएमा कोषले त्यस्ता कर्मचारीहरुको छुट्टा छुट्टै हिसाव राखी दिनेछ ।

(५) योगदानमा आधारित लगानीकर्ता अवकास कोष योजनाको रकम कर्मचारीहरुको विवरण खुलाई छुट्टाछुट्टै हिसाबमा राख्न सकिनेछ ।

**५.** **<u>योजनाको सञ्चालन कार्यविधि</u>**ः (१) यस कार्यविधि बमोजिम सञ्चालित योजनामा सहभागी हुन चाहने संगठित संस्थाले देहायका विवरण तथा कागजात सहित अनुसूची-१ को ढाँचामा कोषसमक्ष दरखास्त दिनु पर्नेछः-

(क) संस्थामा कार्यरत कर्मचारी संख्या,

(ख) लगानीकर्ता अवकास कोषमा जम्मा हुने वार्षिक रकम,

(ग) रकम पठाउने तरिका,

(घ) संगठित संस्थाको नियम वा विनियमको प्रतिलिपि,

(ङ) योजनामा सहभागी हुने र नियमित रकम कोषमा दाखिला गर्ने प्रतिवद्धता सहितको संगठित संस्थाको आधिकारिक निकायबाट भएको निर्णयको प्रतिलिपि ।

तर यो दफा लागू हुनुपूर्व सहभागी भई रहेका संगठित संस्थाले यस उपदफाको प्रक्रिया पूरा गर्नु पर्ने छैन ।

(२) उपदफा (१) बमोजिमको विवरण तथा दरखास्त सहितका कागजात अध्ययन गरी कोषले योजनामा सहभागी हुन दरखास्त पेश गरेका संगठित संस्थालाई योजनामा सहभागी गराई सोको लिखित जानकारी गराउनेछ ।

६. **योजनाको सञ्चालन तथा व्यवस्थापनः** (१) यस योजनाको कोषमा जम्मा भएको रकम सम्बन्धित संगठित संस्था र सहभागी कर्मचारीको तर्फबाट नागरिक लगानी कोषले व्यवस्थापन (Management) गर्नेछ।

तर सेवा निवृत्त भएपछि सम्बन्धित संगठित संस्थाले सेवा निवृत्त भएको सिफारिश गरेको पत्रको आधारमा सम्बन्धित कर्मचारीले यस योजनाबाट लगानीकर्ता अवकास कोषको रकम भुक्तानी पाउनेछ।

(२) लगानीकर्ता अवकास कोषको व्यवस्थापन गर्न न्यासधारीको रुपमा ऐनको दफा ४३ बमोजिमको देहायको एक प्राविधिक उपसमिति रहनेछः-

(क) कोषको सञ्चालक समितिले तोकेको एकजना -अध्यक्ष

(ख) कोषको कार्यकारी निर्देशक -सदस्य

(ग) वित्त, अर्थ, बाणिज्य वा लेखा वा कानूनमा स्नातक भई पुजिबज़ार सम्बन्धी बिषयमा अनुभव प्राप्त व्यक्ति एकजना - सदस्य

(घ) लगानीकर्ता अवकाश कोष योजना हेर्ने विभागीय प्रमुख -सदस्य

(ङ) सम्बन्धित महाशाखा/इकाई प्रमुख -सदस्य सचिव

उपरोक्त उपसमितिमा सहभागी संस्थाहरु मध्येबाट समितिले मनोनयन गरेका एकजना आमन्त्रित रहनेछन ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको सदस्यको पदावधि तथा बैठक भत्ता संचालक समितिले तोके बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिमको उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) लगानीकर्ता अवकाश कोष योजना अन्तरगतको सम्पत्तिको मूल्यांकन गर्ने,

(ख) कोषको हिसाब किताब राख्ने वा राख्न लगाउने र सुरक्षाको व्यवस्था गर्ने,

(ग) लगानीकर्ता अवकाश कोष योजनाको हिसाब किताव राख्ने सम्बन्धमा नीति तय गर्ने,

(घ) लगानीको निरन्तर अनुगमन गर्ने र मार्गदर्शन दिने,

(ङ) लगानीकर्ता अवकाश कोष योजनाको आय व्यय तथा आर्थिक विवरणहरु स्वीकृत गर्ने,

लेखापरीक्षण गराउने र लेखापरीक्षणबाट औंल्याएका वेरुजुहरु नियमित गरी गराई फरफारक गर्ने, गराउने,

(च) प्रगति विवरणहरु प्रकाशित गर्ने,

(छ) योजनामा सहभागी व्यक्ति वा संस्थाहरुलाई योजनाले प्रदान गर्ने वार्षिक न्यूनतम प्रतिफलदर निर्धारण गर्ने,

(ज) सहभागी व्यक्ति वा संस्थाहरुलाई अतिरिक्त प्रतिफल प्रदान गर्ने सम्बन्धमा निर्णय गर्ने,

(झ) समितिले तोके बमोजिम अन्य काम गर्ने ।

७. **<u>योजना कोषमा रकम जम्मा गर्ने</u>**: (१) संगठित संस्थाले प्रत्येक वर्ष कर्मचारी सेवाबाट निवृत्त भएपछि पाउने गरी छुट्याएको अवकाश कोष योजनाको रकम यस कार्यविधि बमोजिमको लगानीकर्ता अवकाश कोष योजनामा जम्मा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रकम जम्मा गर्दा संगठित संस्थाले लगानीकर्ता अवकाश कोषको लागि रकम व्यवस्था गरेको एक महिना भित्र विद्युतीय माध्यमबाट रकम पठाएर वा चेक मार्फत जम्मा गरी कोषको विद्युतीय प्रणालीको पासवर्ड लिई विद्युतीय प्रणाली मार्फत कार्यालय आफैले पोष्टिङ गर्नु पर्नेछ ।

तर पासवर्ड नलिएका कार्यालयले फाँटवारी तथा बैंक भौचर कोषमा पठाउनुपर्नेछ।

(३) योजनामा रकम जम्मा गर्दा संगठित संस्थाले कर्मचारी सुविधा बापत सृजना गर्नुपर्ने दायित्वको सम्पूर्ण रकम वा सरदर वार्षिक भुक्तानी गर्नुपर्ने रकमको आधारमा प्रत्येक वर्ष सुविधाका लागि छुट्याउनुपर्ने रकममा नघट्ने गरी योजनामा अवकाश कोष रकम विद्युतीय माध्यमबाट रकम पठाई वा चेकमार्फत रकम जम्मा गरी कोषको विद्युतीय प्रणालीको पासवर्ड लिएर जम्मा गर्नु पर्नेछ ।

८. **<u>प्रतिफल</u>**: (१) कोषमा प्रत्येक आर्थिक वर्षमा सहभागी संस्था वा व्यक्तिलाई उपलव्ध गराइने न्यूनतम प्रतिफलदर र मुनाफाबाट उपलव्ध गराइने थप प्रतिफल दफा ६ को उपदफा (२) बमोजिम गठित न्यासधारी प्राविधिक उपसमितिले मिति र रकमको आधारमा निर्धारण गरे बमोजिम हुनेछ ।

(२) कोषले योजना अन्तर्गत प्राप्त रकमको परिचालन गरी प्राप्त भएको आयबाट सो योजना सञ्चालन गर्दा लागेको प्रत्यक्ष खर्च र कोषले योजना व्यवस्थापन गरेवापत लिन पाउने व्यवस्थापन शुल्क वापतको रकम कट्टी गरी बाँकी रहेको आयबाट योजनाका सहभागी संस्थाहरुलाई ती संस्थाहरुको नाममा योजनामा जम्मा रहेको रकमको आधारमा समानुपातिक रुपमा प्रतिफल बाँडफाँट गरी सम्बन्धित संस्थाको हिसाबमा जोडी दिनेछ ।

तर सम्बन्धित संस्थाले दफा ४ को उपदफा (५) अनुसार कर्मचारीहरुको व्यक्तिगत खाता खोली रकम खुलाई राखिदिन लेखी आएको अवस्थामा कोषले प्रतिफलसहित सम्बन्धित कर्मचारीको खातामा जम्मा गरी दिनेछ ।

(३) कर्मचारीहरुको व्यक्तिगत हिसाब राखी सञ्चालन भएको अवस्थामा संगठित संस्थालाई वितरण गरिएको प्रतिफलमध्येबाट समानुपातिक रुपमा व्यक्तिगत हिसाबमा प्रतिफल बाँडफाँड र वितरण गरिनेछ ।

९. **योजना सञ्चालन खर्चः** योजना सञ्चालन गर्दा लागेको पूर्व सञ्चालन खर्च, व्यवस्थापन शुल्क, सञ्चालन खर्च, लगानीमा आएको पूँजीगत ह्रास तथा योजना सञ्चालनसँग प्रत्यक्ष सम्बन्ध भएका खर्चहरु, सहभागीहरुलाई प्रदान गरिने न्युनतम प्रतिफल आदि योजना परिचालनबाट प्राप्त आयबाट बेहोरिनेछ।

१०. **व्यवस्थापन शुल्कः** (१) कोषले योजना सञ्चालन गरी न्यासधारी(Trustee) को रुपमा लगानी प्रवन्ध सेवा प्रदान गरेबापत कूल योजना कोष रकमको प्रत्येक आर्थिक वर्षमा बढीमा एक प्रतिशतसम्म व्यवस्थापन शुल्क लिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम लिइने व्यवस्थापन शुल्क कुल योजना कोषको एक प्रतिशत वा कुल आयको बीस प्रतिशत जुन घटी हुन्छ सो रकम कोषले सेवा शुल्क वापत कट्टा गरी लिनेछ।

(३) उपदफा (२) बमोजिम कोषले लिनुपर्ने व्यबस्थापन शुल्क कट्टी गरी लिन सो आर्थिक वर्षमा योजना कोषको आयले नखाम्ने देखिएमा उक्त रकम समेत पछिल्लो आर्थिक वर्षहरुको आयबाट कट्टी गरी लिन सक्नेछ।

११. **कर तिर्नु पर्ने**: (१) योजनाको रकम सम्बन्धित संगठित संस्था वा कर्मचारीलाई भुक्तानी दिदा प्रचलित कानून बमोजिम तिर्नु पर्ने कर अग्रीम कट्टी गरेर मात्र भुक्तानी दिइनेछ।

(२) योजना कोषमा जम्मा गरेको रकम प्रचलित कानून बमोजिम सम्बन्धित संस्थाले खर्च कायम गरी आयकर छुट पाउने भए त्यसरी योजना कोषमा रकम जम्मा भएको प्रमाण प्रत्येक वर्ष सम्बन्धित संस्थालाई दिइनेछ।

१२. **कर्मचारीलाई भुक्तानी सम्बन्धी व्यवस्था** : (१) संगठित संस्थाको कर्मचारी सेवा निवृत्त भएमा सो संगठित संस्थाले सिफारिस गरेको पत्रको आधारमा त्यस्तो कर्मचारीले पाउने लगानीकर्ता अवकाश कोष रकम कोषले तोकेको अवकाश भुक्तानी फारममा भुक्तानी लिनेको नाम, आफ्नो बैंक खाता नम्बर तथा बैंकको नाम, स्थाई लेखा नम्बर लगायतका विवरण उल्लेख गरी कोषमा निवेदन फारम पेश गरे पछि भुक्तानी दिइनेछ । यसरी भुक्तानी दिएको रकम सम्बन्धित संगठित संस्था वा सहभागी कर्मचारीको लगानीकर्ता अवकाश कोषमा जम्मा भएको रकमबाट कटाइनेछ ।

(२) उपदफा (१) बमोजिम भुक्तानी गर्दै जाँदा सम्बन्धित संगठित संस्थाको कोषमा रहेको रकम समाप्त भई सहभागी कर्मचारीलाई लगानीकर्ता अवकाश कोष हिसाबमा जम्मा भएको रकम दिन नपुग भएमा त्यस्तो रकमको भुक्तानी सम्बन्धित संगठित संस्थाले नै बेहोर्नु पर्नेछ ।

(३) कर्मचारीहरुको व्यक्तिगत खाता रहेको अवस्थामा उक्त व्यक्तिगत हिसाबमा रहेको रकममा संस्थाको सिफारिसमा नियमानुसार भुक्तानी दिइनेछ।

(४) सहभागी कर्मचारीहरुलाई निजको नाममा जम्मा भएको रकमको बढीमा असी प्रतिशतसम्म सापटी सम्बन्धित संस्थाको सिफारिशका आधारमा उपलव्ध गराइनेछ। यसरी

उपलब्ध गरिने सापटी रकममा सो आर्थिक वर्षमा कोषद्वारा सहभागीलाई प्रदान गरिने ब्याजदरमा एक दशमलव पाँच प्रतिशत थप गरी ब्याजदर निर्धारण गरिनेछ।

तर यस कार्यविधि बमोजिम सापटी सुविधा उपलब्ध गराउदा एक आर्थिक बर्षमा बढीमा दुई पटक भन्दा बढी पटक उपलब्ध गराइने छैन।

(५) कोषले यस कार्यविधि बमोजिमको योजनामा सहभागीलाई कोषबाट उपलब्ध गराइएका आवाश कर्जा, सरल कर्जा तथा शैक्षिक कर्जा लगायतका सुविधा सम्बन्धित कार्यविधिको अधीनमा रही उपलब्ध गराउन सक्नेछ ।

१३. <u>**योजना कोषमा रहेको रकमको लगानी**</u> : लगानीकर्ता अवकास कोष योजनामा जम्मा भएको रकमको लगानी कोषको लगानी नीति, २०७५ बमोजिम गरिनेछ।

१४. <u>**विवरण उपलब्ध गराउने**</u>: (१) प्रत्येक आर्थिक वर्षमा सहभागी संगठित संस्थाहरुबाट प्राप्त रकम र त्यसबाट भएको भुक्तानी, त्यसमा प्राप्त ब्याज वा प्रतिफल सहितको हिसाब विवरण कोषले सम्बन्धित संगठित संस्था वा व्यक्तिलाई अनलाइन मार्फत हेर्न मिल्ने व्यवस्था मिलाउनेछ।

(२) उपदफा (१) बमोजिम हिसाबको विवरण प्राप्त भएपछि सम्बन्धित संगठित संस्था वा व्यक्तिले आफूले जम्मा गरेको रकम र कोषमा जम्मा गरेको प्रमाणित विवरण भिडाई रकममा कुनै फरक पर्न गएको भए सोको बिवरण सहित कोषमा लेखी पठाएमा कोषले चेक जांच गरि हिसाब मिलान गर्नु पर्नेछ।

१५. <u>**योजनाको लेखा र लेखापरीक्षण**</u>: (१)योजना अन्तर्गत प्राप्त रकम र सो रकमको लगानीबाट प्राप्त सम्पत्ति र योजना कोषको परिचालनबाट भएको आय व्यय तथा दायित्व देखिने गरी योजना कोषको हिसाब छुट्टै राखिनेछ।

(२) कोषबाट सञ्चालित अन्य कार्यक्रमहरुको आय व्यय वा दायित्व यस योजनामा समायोजन गर्ने, मिलाउने वा बेहोरिने छैन।

(३) योजनाको लेखापरीक्षण मान्यता प्राप्त लेखापरीक्षकबाट हुनेछ।

१६. <u>**संशोधन**</u>: न्यासधारी प्राविधिक उपसमिति (Trustee) को सिफारिसमा समितिले यस योजनामा उल्लेखित दफाहरुमा आवश्यक संशोधन र थपघट गर्न सक्नेछ । यसरी थपघट वा संशोधन भएको व्यहोरा सबै सहभागी संगठित संस्थाहरुलाई कोषको वेबसाइट मार्फत जानकारी गराइने छ।

१७. <u>**बाधा अड्काउ फुकाउन सक्ने**</u>: यस कार्यविधिको कार्यान्वयनको क्रममा वा यस कार्यविधि बमोजिम योजना सञ्चालन तथा व्यवस्थापन गर्दा कुनै वाधा अड्काउ परेमा समितिले योजनाको उद्देश्यको प्रतिकूल नहुने गरी प्रचलित कानूनको अधीनमा रही आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ।

१८. <u>**योजनाको खारेजी**</u> :(१) कोष बिघटन भएको कारण वा अन्य कुनै आधार र कारण भए त्यस्तो कारण खुलाई कोषले योजना सञ्चालन नगर्ने निर्णय गरेमा योजनाका सहभागी संस्थालाई तीन महिनाको अग्रीम सूचना दिई योजना खारेज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम योजना खारेज भएमा योजनामा  सहभागी संस्था वा कर्मचारीलाई त्यसरी योजना खारेज हुने मितिसम्म सो संगठित संस्थाले जम्मा गरेको रकम र त्यसको व्याज तथा प्राप्त  प्रतिफल रकमको कुल रकमबाट सहभागी संस्थाका कर्मचारीलाई भुक्तनी दिइसकेको रकम कटाई बाँकी हुन आएको रकम सहभागी संस्था तथा कर्मचारीलाई एकमुष्ट भुक्तानी दिइनेछ।

१९. **खारेजी र बचाउः** (१) लगानीकर्ता अवकास कोष योजना कार्यविधि, २०५९ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको कार्यविधि बमोजिम भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

**अनुसूची-१**

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

<u>लगानीकर्ता अवकाश योजना, २०८१ (स्वीकृत अवकास कोष) मा सहभागीका लागि दिने</u>

<u>दरखास्त फाराम</u>

<u>मिति :</u>

श्री नागरिक लगानी कोष
नया बानेश्वर, काठमाण्डौ ।

विषय : <u>लगानीकर्ता अवकाश कोष योजना (स्वीकृत अवकास कोष) मा सहभागी हुने बारे ।</u>

कोषले सञ्चालन गरेको लगानीकर्ता अवकाश कोष योजना, २०८१ (स्वीकृत अवकास कोष) मा यस कार्यालय रकम जम्मा गर्न गराउन इच्छुक भएकोले उक्त कार्यक्रममा सहभागी बनाइदिन हुन देहायको विवरण सहित अनुरोध गर्दछु ।

लगानीकर्ता हिसाब कोषमा कार्यालयले हाल छुट्याई राखेको रकम रू.................

कार्यालयले कोषमा सुविधा बापत पठाउने बार्षिक अनुमानित रकम रू......................

कार्यालयले कोषद्वारा संचालित लगानीकर्ता अवकाश कोष योजना, २०८१ को यसैसाथ पिठमा उल्लेखित शर्त तथा व्यवस्थाहरूका साथै कार्यविधिमा उल्लेखित सम्पूर्ण दफाहरूको पालना गर्न .................... कार्यालयले मन्जुर गरेकोले यो दरखास्त फाराम भरि पठाइएको छ । योगदान रकमलाई कार्यालयगत/कर्मचारी अनुसार व्यक्तिगत /दुवै हिसाब राखी दिनुहुन समेत अनुरोध छ ।

माथि उल्लेख गरे अनुसारको यस कार्यालयका कर्मचारीहरूको विवरण यसै साथ संलग्न गरि पठाइएको छ । सुविधा बापतको रकमको त्यस कोषको नाममा काटिएको ............. बैंकको चेक नं. ................ यसै साथ संग्लग्न गरिएको छ ।

| लेखामा काम गर्ने : | कार्यालय प्रमुख : |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| दर्जा : | दर्जा : |
| मिति : | मिति : |

<u>कार्यालयको छाप :</u>

दरखास्त साथ पेश गर्नु पर्ने कागजात :

(क) सम्बन्धित कार्यालय दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
(ख) लगानीकर्ता अवकाश कोष रकम जम्मा गर्ने सम्बन्धी संचालक समितिको निर्णयको प्रतिलिपि ।
(ग) यसैसाथ संलग्न शर्त तथा व्यवस्थाहरूमा समेत सहिछाप गरी पेश गर्नु पर्नेछ ।

**लगानीकर्ता हिसाब योजना संचालनका शर्त तथा व्यवस्थाहरू**

१) यस योजना अन्तरगतका रकमहरू सहभागी संगठित संस्थाको सिफारिसमा कर्मचारीले भुक्तानी पाउनेछ ।

२) कर्मचारीले यसको भुक्तानी सेवा अवकाश भएपछि मात्र लिन सक्नेछन् ।

३) योजनामा जम्मा भएको रकमको ब्याज (प्रतिफल) कोषले योजनाको रकम लगानी गरी प्राप्त प्रतिफलको आधारमा समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

४) कोषले योजना कोष रकम लगानीबाट प्राप्त आयबाट योजना संचालनका लागि लागेको प्रत्यक्ष खर्चहरू र व्यवस्थापन शुल्क कट्टी गरी माथि सि.नं.३ बमोजिम प्रतिफल निर्धारण गर्नेछ ।

५) कोषले लिने व्यवस्थापन शुल्क लगानी व्यवस्थापन रकमको १ प्रतिशत वा कुल आम्दानीको २० (बीस) प्रतिशत जुन घटि हुन्छ सो हुनेछ ।

६) योजनामा सहभागिता प्राप्त गरेपछि कार्यालयले नियमित रूपमा सुविधा रकम जम्मा गर्दै जानु पर्नेछ ।

७) सुविधा वापत रकम व्यवस्था गरिएको १ (एक) महिनाभित्र कोषको हिसाबमा रकम जम्मा गरी सक्नु पर्नेछ ।

८) योजनामा संकलित रकमलाई कोषको लगानी नीति अनुसार तोकिएका क्षेत्रहरूमा लगानी परिचालन गरिनेछ ।

९) सहभागीहरूलाई भुक्तानी गरिएको रकमलाई सहभागीको हिसाबबाट खर्च लेखि न्यून गरिनेछ ।

१०) कार्यालयगत रूपमा सहभागी भइरहेको अवस्थामा सहभागीहरूलाई भुक्तानी गर्दै जादा कथम् कदाचित रकम अपर्याप्त भएमा वा नपुगेमा सम्बन्धित सहभागी संस्थाले सोधभर्ना दिनुपर्ने वा व्यहोर्नु पर्नेछ । रकम पर्याप्त नभएसम्म कोष भुक्तानी गर्न वाध्य हुनेछैन ।

११) योजनाको लेखापरीक्षण मान्यता प्राप्त लेखापरीक्षकबाट हुनेछ ।

१२) आयकर सम्बन्धी व्यवस्थाहरू आयकर ऐन, २०५८ बमोजिम हुनेछ । अवकाश योगदान रकमको कर हिसाब गर्ने र कट्टी गर्ने सम्बन्धमा सहभागी कार्यालयबाट नै फरफारक गरिनेछ ।

१३) योजनामा सहभागी कार्यालयले योजना हिसाब विवरण अनलाईन मार्फत हेर्न सक्नेछ । सहभागी कार्यालयको आवश्यकता अनुसार आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र विवरण कोषले उपलब्ध गराउने छ ।